**आकाशवाणी खरसाङ, प्रादेशिक समाचारः नेपाली**

मितिः ०२ जनवरी २०२५

समयः १८:५० - १६:०० बजे

**प्रमुख समाचार**

१. पश्चिम बंगाल को मुख्यमंत्री ममता बनजीले सरकारी भूमिमा अवैध अतिक्रमण माथि अप्रसन्नता व्यक्त गर्नुहुँदै यस सम्बन्धमा कड़ा कार्यवाही गरिने बताउनु भएको छ।

२. पश्चिम बंगालमा सीमा पारबाट भइरहेको अनियमित प्रवास तथा यस सित सम्बन्धित अपराधहरुलाई लिएर मुख्यमंत्रीले बीएसएफ को भूमिका माथि प्रश्न खड़ा गर्नुभएको छ।

३. केंद्रीय वित्त मंत्री निर्मला सीतारामनले आज नयाँ दिल्ली मा आगामी केंद्रीय बजट 2025-26 को संबंध मा वित्तीय क्षेत्र अनि पूंजी बाजार का हितधारकहरुसित सात औ बजट पूर्व परामर्श बैठक गर्नुभयो।

४. मुख्यमन्त्री ममता ब्यानर्जीको विशेष पहलमा कालेबुङ मेला ग्राउण्डमा आज देखि तीन दिवसीय जिल्ला लोक संस्कृति तथा आदिवासी संस्कृति एवं जात्रा उत्सव शुरू भएको छ।

५. मौसम विभाग अनुसार राज्यका अधिकांश जिल्लाहरूमा जाड़ोको प्रभाव जारी छ।

**ममता प्रशासनिक बैठक**

पश्चिम बंगाल को मुख्यमंत्री ममता बनजीले आज राज्य सचिवालय नबन्ना मा एउटा प्रशासनिक बैठक को अध्यक्षता गर्नुभयो। उहाँले विभिन्न स्थानहरुमा सरकारी भूमिमा अवैध अतिक्रमण माथि अप्रसन्नता व्यक्त गर्नुभयो। सुश्री बनर्जीले जिला प्रशासनहरुलाई यस्ता मामलहरुमा कडा कार्यवाही गर्ने निर्देश दिनुहुँदै भन्नुभयो कि यस्ता मामलामा असफल रहेको खण्डमा संबंधित अधिकारीहरु विरूद्ध पनि कार्यवाही गरिनेछ। कानून सबैको लागि समान रहेको बताउनु हुँदै, मुख्यमंत्रीले, सरकारी भूमीको अवैध अतिक्रमणमा यदि कुनै मंत्री, पार्षद, अथवा पंचायत सदस्य लिप्त पाइएको खण्डमा उनीहरु विरुद्ध पनि कड़ा कार्यवाही गरिने कुरो पनि बताउनुभयो। मुख्यमंत्रीले अवैध अतिक्रमण का मामलाहरुको जांच गर्नका लागि गृह सचिव को अध्यक्षता मा एउटा समिति को गठन गरिएको पनि बताउनुभयो। सुश्री ब्यानर्जीले सहकारी बैंकहरुमा धेरै फर्जी खाताहरु पाइएकोमा पनि चिंता व्यक्त गर्नुभयो। उहाँले भन्नुभयो यी खाताहरुको जांच गरिनेछ अनि यी खाताहरुमा जमा धन जब्त गरिनेछ। मुख्यमंत्रीले अधिकारीहरुलाई राज्य सरकार का कल्याणकारी योजनाहरु लागू गर्ने निर्देश पनि दिनुभएको छ।

****** ० ******

**बंगाल-बीएसएफ**

पश्चिम बंगालमा सीमा पारबाट भइरहेको अनियमित प्रवास तथा यस सित सम्बन्धित अपराधहरुलाई लिएर मुख्यमंत्रीले सिमा सुरक्षा बल (बीएसएफ) को भूमिका माथि प्रश्न खड़ा गर्नुहुँदै केन्द्र सरकारमाथि दबाव बढ़ाउन तयारी शुरू गर्नुभएको छ। राज्य सचिवालय नबान्नमा आज भएको वर्षको पहिलो प्रशासनिक बैठकमा सुश्री

ब्यानर्जीले बताउनुभयो कि बीएसएफ को निगरानी मा नै सीमाहरुमा अनियमित गतिविधिहरु भइरहेको छ। राज्यको सीमामा बीएसएफ तैनाथ रहेको अनि केन्द्रीय बलले नै अनियमित प्रवासमा सहयोग पुऱ्याइरहेको आरोप मुख्यमंत्रीले लगाउनुभयो। मुख्यमन्त्रीले राज्य पुलिसका महा सचीव राजीव कुमारलाई यस सम्बन्धमा ठोस प्रमाण पेश गर्ने निर्देश पनि दिनुभएको छ। यसै आधारमा केन्द्र सरकारलाई पत्रचार गरिने कुरो पनि मुख्यमंत्रीले बताउनुभएको छ।

****** ० ******

**प्राथमिक शिक्षा-बंगाल**

पश्चिम बंगाल मा प्राथमिक शिक्षा को लागि प्रस्तावित सेमेस्टर पद्धतिलाई मुख्यमंत्री ममता बनर्जीले रद्द गरिदिनु भएको छ। नवान्न मा आज भएको प्रशासनिक बैठक मा मुख्यमंत्री ले यस निर्णय माथि अप्रसन्नता व्यक्त गर्नु भयो। गत सप्ताह माध्यमिक शिक्षा परिषद का अध्यक्ष गौतम पाल ले प्राथमिक शिक्षा मा 'क्रेडिट बेस्ड सेमेस्टर सिस्टम' लागू गरिने घोषणा गर्नुभएको थियो। योजना अन्तर्गत, 2025 शैक्षणिक वर्ष देखि, पहलो देखि पांचऔ कक्षा सम्म का छात्रहरुको मूल्यांकन नयाँ पद्धति अनुसार गरिने थियो। तर मुख्यमंत्री ममता बनर्जीले यस्ता निर्णय लिइएको मा आपत्ति व्यक्त गर्नुभएको छ। सुश्री ब्यानर्जीले भविष्य मा कुनै पनि नीतिगत निर्णय को लागि अघिबाटै अनुमति लिने स्पष्ट निर्देश पनि दिनुभएको छ।

****** ० ******

**<u>ईडी-छापामारी</u>**

पश्चिम बंगाल मा ऑनलाइन धोखाधड़ी को मामला मा प्रवर्तन निदेशालय (ईडी) ले आज धेरै स्थानहरुमा छापामारी गरेको छ। चेन्नई मा दर्ता एउटा शिकायत को आधार मा यो छापेमारी गरिएको हो, जसमा हजार करोड़ रुपियाँ भन्दा अधिक को धोखाधड़ी को आरोप छ। सूत्र अनुसार, जांच मा यस धोखाधड़ी रैकेट को जाल पूर्वी भारत का धेरै राज्यहरु विशेष गरी पश्चिम बंगाल मा फैलिएइको छ। यसैको मध्यनजर ईडी ले यो छापामारी शुरू गरेको हो।

****** ० ******

**<u>दिल्ली गणतनत्र दिवस टिकट</u>**

आगामी २६ जनवरीको दिन राष्ट्रिय राजधानी दिल्लीको कर्त्तव्य पथमा आयोजित हुने गणतंत्र दिवस परेडका लागि टिकट बिक्री आज देखि शुरू भएको छ। रक्षा मंत्रालयले यसको जानकारी गराउँदै यो टिकट सरकारी www.aamantran.mod.gov.in मा अथवा उपरान्त दिल्लीका विभिन्न निर्धारित स्थानहरू जस्तै दिल्ली मेट्रोबाट पनि टिकट खरीद गर्न सकिन्छ। गणतंत्र दिवसमा सामेल हुन रूपियाँ १०० तथा रूपियाँ २० को टिकट निर्धारित गरिएको छ। बिहान ६ बजेदेखि अनलाईन टिकट खरीद गर्न सकिन्छ। २८ तारीख full Dress Beating Retreat रिहर्सलसका लागि २० रूपियाँको टिकट राखिएको छ भने २६ तारिख हुने बीटिङ रिट्रीटका लागि सय रूपियाँको टिकट राखिएको छ।

****** ० ******

**<u>राजु विष्ट</u>**

दार्जीलिङ्का लोकसभा सांसद राजु विष्टले अहिले उत्तर दिनाजपुर जिल्लामा पर्ने आफ्नो संसदीय क्षेत्रको भ्रमण गरिरहेका छन्। आज नारायणपुरको धीयागढ़मा मन्दिर निमार्ण कार्यक्रममा उहाँ सामेल हुनुभयो। गाउँलेहरू तथा स्थानीय संघ संस्थाहरूको प्रयासमा यहाँ एउटा भव्य काली मन्दिरको निमार्ण गरिन्दैछ।यो काली मन्दिर कोलकाताको दक्षिणेश्वर मन्दिरको ढ़ाँचामा निमार्ण गरिनेछ। श्री विष्ट आफ्नो संसदीय क्षेत्रको विभिन्न ठाउँहरू गएर जनसर्म्पक गरिरहेका छन् तथा भाजपाको सदस्यता अभियानमा स्थानीय नेताहरूलाई सघाउ पुऱ्याई रहेको छन्। विगत दिनहरू उहाँले उनी खरसांगमा सदस्यता अभियानका लागि जनसर्म्पक गरेका थिए भने त्यसपछि बागडोगरा नक्सलबाड़ी पुगेका थिए।श्री विष्टले आज बिहान चोपड़ाको कालागाछमा भाजपा कार्यकर्ताहरूसित एउटा सांगठनिक बैठक गरे। उहाँ सदस्यता अभियानमा आफ्ना संसदीय क्षेत्रमा अधिक भन्दा अघिक मानिसहरूलाई भाजपाको सदस्यता दिलाउने प्रयास गरिरहेका छन्। चोपड़ा भ्रमणको क्रममा श्री विष्ट कालागाछ शिव मन्दिरमा गई पुजा अर्चना पनि गरे।

****** o ******

**हाईकोर्टको निर्देशन:**

उत्तर दिनाजपुरको इस्लामपुरमा दुई लाख पाठ्यपुस्तक चोरी भएको मामिलामा कलकत्ता उच्च अदालतले राज्य सरकारलाई तीन हप्ताभित्र विस्तृत रिपोर्ट पेश गर्न निर्देशन दिएको छ। प्रधानन्यायाधीशले बिहीबार मुद्दाको सुनुवाइ गर्दै न्यायाधीश शिवगननम र न्यायाधीश हिरण्मय भट्टाचार्यको बेन्चले घटनाबारे राज्यसँग स्पष्टीकरण मागेको हो

****** o ******

**कालेबुङ्ग-उत्सव**

मुख्यमन्त्री ममता ब्यानर्जीको विशेष पहलमा कालेबुङ मेला ग्राउण्डमा आज देखि तीन दिवसीय जिल्ला लोक संस्कृति तथा आदिवासी संस्कृति एवं जात्रा उत्सव शुरू भएको छ। समारोहमा मुख्य अतिथिको रूपमा उपस्थित कालेबुङका विधायक रूदेन सादा लेप्चाले यस उत्सवको उद्घाटन गर्नुभयो। यस अवसरमा लोक प्रसार प्रकल्पका कलाकारहरूले विभिन्न नृत्य, गीत र सांस्कृतिक प्रस्तुति दिएर दर्शकहरूको मनोरंजन गरे। परम्परागत पहिचान र संस्कृतिको प्रवर्धन गर्न यस उत्सवले महत्त्वपूर्ण भूमिका खेल्ने विश्वास गरिएको छ। कार्यक्रमलाई सम्बोधन गर्दै विधायक लेप्चाले यस्ता प्रकारका उत्सवहरूले समुदायलाई एकबद्ध गर्न सहयोग पुर्यानिउने तथा परम्परागत संस्कृतिको संरक्षणका लागि यस्ता कार्यक्रमहरू आवश्यक रहेको बताउनुभयो। यस उत्सवमा स्थानीय बासिन्दा तथा विभिन्न क्षेत्रका अतिथिहरूको उल्लेखनीय उपस्थिति रहेको छ। आगामी दुई दिनसम्म चल्ने यस उत्सवले स्थानीय संस्कृति तथा परम्परालाई अझ उजागर गर्ने विश्वास गरिएको छ।

****** o ******

**रशीदाबाद-विवाद**

पश्चिम बंगालको मालदा जिल्ला अन्तर्गत रशीदाबाद को ग्राम पंचायत का प्रमुख लवली खातून को नागिरकतालाई लिएर विवाद बढ़्दै गइरहेको छ। मालदा जिल्लामा तृणमूल कंग्रेसको नेतृत्व भएको रशीदाबाद ग्राम पंचायत को प्रमुख बांग्लादेशी अप्रवासी रहेको बताइएको छ। यसको साथै लवली खातुन बिना पासपोर्ट अवैध रूपले भारतमा पसेको आरोप लगाइएको छ। यस्तो स्थितिमा लवली खातुनले कसरी स्थानीय चुनाउमा भाग लिए तथा कसरी पंचायत प्रमुख बन्न सक्षम बने भन्ने प्रश्नहरु खड़ा भइरहेको छ। यस सम्बन्धमा कलकत्ता उच्च न्यायलयले महकुमा शासक सित रिपोर्ट पनि मांगेको छ।

****** ० ******

**उत्तर दिनाजपुर हमला**

उत्तर दिनाजपुर जिल्लको दालखोला थाना क्षेत्र भित्र पर्ने बाभनियाँ गाउँमा अराजक तत्वहरूले हिन्दु परिवारहरूमाथि हमला तथा लुटपाट गरे। यस हमलामा कैंयन हिन्दुहरू घाइते भएका छन्। पश्चिम बंगाल विधानसभामा विपक्षी नेता तथा भाजपा विधायक शुभेन्दु अधिकरीले राज्य सरकारमाथि गम्भीर आरोप लगाउँदै टिएमसी शासनमा जेहादीहरूको आतंक चरममा पुगेको बताए। बंगलादेशमा अल्प संख्यक हिन्दु, बौद्ध , ईसाईहरू माथि जसरी सुनियोजित हमला, लुटपाट , हत्या बलात्कार भईरहेको छ ठीक त्यसरीनै पश्चिम बंगालको मुस्लिम बाहुल इलाकाहरूमा जेहादीहरूले हिन्दुहरूमाथि हमला गरिरहेको छन्। टिएमसी सरकारको मुस्लिम तुष्टीकरण नीतिले बंगालमा बंगलादेशी मुस्लिम र रोहिंग्याहरूको पनि रगरगी बढ़ेको उहाँले आरोप लगाउनु भयो। उहाँले राज्यको पुलिस महानिदेशक सित बाभनियाँ गाउँमा हिन्दुहरू माथि हमला गर्ने जेहादीहरू विरूद्ध कड़ा कारवाहीको मांग पनि गरेका छन्।

****** ० ******

**मालदा कॉलेज**

मालदा मेडिकल कॉलेज को प्रसूति विभाग मा आज अपराह्न आगो लाग्नको कारण अस्पताल परिसर मा भाग-दौड़ मच्चियो। यसै बीच प्रसूता महिलाहरु एवं नवजात शिशुहरुलाई तत्काल हटाइयो। खबर प्राप्त गर्न साथै अग्नि शमन विभागका एउटा दमकल गाड़ी घटनास्थलमा पुगेर आगोमाथि नियंत्रण पाए। अस्पताल प्रशासनले बताए अनुसार आगोले कुनै ठुलो क्षति पुर्याएको छैन। आगो लाग्नको कारण बारे जाँच चलिरहेको छ।

****** ० ******

**मौसम**

कोलकातामा आगामी 24 घण्टाको अवधिमा मौसम मुख्यतः सफा रहने सम्भावना छ भने तापमान घट्ने क्रम जारी रहनेछ। मौसम विभाग अनुसार राज्यका अधिकांश जिल्लाहरूमा जाड़ोको प्रभाव जारी छ भने उत्तर बंगालका जिल्लाहरू दार्जीलिङ, कालेबुङ अनि जलपाईगुड़ीमा चिसो हावासाथै बिहान अन्नि राति तापमानमा कमी दर्ता गरिएको छ। दार्जीलिङ अनि कालेबुङ जस्ता पहाड़ी क्षेत्रहरूमा तापमान 5-8 डिग्री सेल्सियसबीच बनीरहने आशंका मौसम विभागले व्यक्त गरेको छ।

****** ० ******